**समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड,**
**केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलान्चोक**
**आर्थिक वर्ष २०८१/०८२ को,**

# "बाह्रौ वार्षिक साधारण सभाको निर्णय अभिलेख (माईन्यूट)"

**१. वैधानिक सभा :**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८२/०९/०८ गते मंगलवारको दिन बसेको सञ्चालक समितिको १८३औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियामावलीमा भएको व्यवस्था बमोजिम संस्थाको आर्थिक वर्ष २०८१/०८२ को बाह्रौ वार्षिक साधारण सभा सञ्चालक समितिको अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूको सभापतित्वमा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न गरियो ।

**२. सभाको स्थान, मिति र समय :**

मिति : २०८२ साल पुष महिनाको ३० गते बुधवार, तद्नुसार जनवरी १४, २०२६
समय : बिहान ११:३० बजे
स्थान : हिमालय दृश्य रिसोर्ट, धुलिखेल, काभ्रेपलाञ्चोक

**३. सभाको सूचना प्रकाशन :**

३.१ यस वित्तीय संस्थाको नियमावलीको नियम १८ (३) र कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने मिति, समय, स्थान र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रथम पटक मिति २०८२/०९/०९ गते **"आर्थिक अभियान"** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसै गरी यस सभा सम्बन्धी दोस्रो पटक मिति २०८२/०९/२३ गते **"आर्थिक अभियान"** राष्ट्रिय दैनिक पत्रिकामा समेत सभा हुने जानकारी सहितको सूचना प्रकाशित गरिएको थियो ।

३.२ यस वित्तीय संस्थाको सभा सम्बन्धी जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई मिति २०८२/०९/०९ गते र कम्पनी ऐन २०६३ बमोजिमको दफा ७८ अनुसारको आर्थिक वर्ष २०८१/०८२ को प्रमाणित विवरण नियमानुसार साधारण सभा हुनु भन्दा कम्तिमा २१ दिन अगावै अद्यावधिक गर्नुपर्ने प्रावधान बमोजिम मिति २०८१/०९/०७ गते नै कम्पनी रजिष्ट्रार कार्यालयको आधिकारिक वेबसाइट www.camis.ocr.gov.np मा अपलोड गरी प्रमाणित गरिएको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ ज्यू बाट जानकारी भयो ।

३.३ यस वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभा प्रयोजनको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०९/१७ गतेसम्म कारोबार भई मिति २०८२/०९/१८ गतेसम्म शेयर रजिष्ट्रार श्री आरविवि मर्चेन्ट बैंकिङ लिमिटेडमा प्राप्त भएको नामसारी लिखतको आधारमा कम्पनीको शेयर दर्ता पुस्तिकामा कायम रहेको शेयरधनी महानुभावहरुको घर ठेगानामा वार्षिक प्रतिवेदन, आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण पठाउन संभव नरहेको कारण कम्पनीको वार्षिक प्रतिवेदन तथा आर्थिक विवरण र सभाको सूचना यस संस्थाको वेवसाइट www.samata.org.np मा राखिएको साथै कम्पनीको केन्द्रीय कार्यालयबाट समेत प्राप्त गर्न सकिने व्यवस्था गरिएको व्यहोरा सभामा अवगत गराईएको थियो ।

**४. सभामा छलफल गरिने विषयहरुको सूची प्रस्तुत :**

कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ ज्यूले पूर्व सूचित सूचना अनुसार सभामा देहाय बमोजिम छलफलका बिषयहरु रहेको स्मरण गराउदै विषय सूचीहरु बाचन गर्नुभयो ।

क. सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) तथा कम्पनी ऐन, २०६३ को दफा १११(३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. आर्थिक बर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. सञ्चालक समितिद्वारा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने एक जना रिक्त सञ्चालक नियुक्त गर्ने सम्बन्धमा गरिएको निर्णय अनुमोदन गर्ने ।

६. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ६२,९०,५१,५६४/- को ०.२६३२ प्रतिशत (दशमलव पछिको चार अंक मात्र लिइएको) ले हुन आउने रकम (कर प्रयोजनको लागि) रु. १६,५५,३९८.८५ (अक्षरेपी सोह्र लाख पचपन्न हजार तिन सय अन्ठानव्वे दशमलव आठ पाँच मात्र) मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

ख. विशेष प्रस्तावहरु :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ६२,९०,५१,५६४/- को ५ प्रतिशतले हुन आउने रकम रु. ३,१४,५२,५७८.२३ (अक्षरेपी तिन करोड चौध लाख बाउन्न हजार पाच सय अठहत्तर दशमलव दुई तिन मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. कारोबार सञ्चालनको दस वर्ष पूरा गरेका साविक समता लघुवित्त अन्तर्गतका संस्थापक शेयरधनीहरूको गत वर्ष गरिएको पहिलो परिवर्तन पछि बाँकी रहन गएको संस्थापक शेयरहरूलाई नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति अनुसार सर्वसाधारण शेयरमा रूपान्तरण गरी पुँजी संरचना अनुपात संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

३. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

ग. विविध

५. उपस्थिति :

५.१ सञ्चालकहरुको उपस्थिति :

| क्र.सं. | नाम | पद | समूह | शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री डम्मर मणि थेवे लिम्बु | अध्यक्ष | संस्थापक | १३२,८८६ |
| २ | श्री राजेश्वर प्रसाद आचार्य | सञ्चालक | संस्थापक | ६०,०४९ |
| ३ | श्री निरंजन प्रसाद न्यौपाने | सञ्चालक | संस्थापक | ६,११० |
| ४ | श्री किशोर शेर्पा | सञ्चालक | संस्थापक | १२,२२० |
| ५ | श्री भक्तराम खडका | सञ्चालक | सर्वसाधारण | १,३३० |
| ६ | श्री अनुपा ओझा | सञ्चालक | सर्वसाधारण | १९२ |

५.२ मुख्य व्यवस्थापन पदाधिकारी, विभागीय प्रमुखहरु तथा अन्य कर्मचारीहरुको उपस्थिति :

| क्र.स | पदाधिकारीको नाम | पद/जिम्मेवारी |
|---|---|---|
| | | मुख्य व्यवस्थापन पदाधिकारीहरु : |
| १ | श्री डा. मदन घिमिरे | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री देव सिह विष्ट | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३ | श्री विश्वराज श्रेष्ठ | बरिष्ठ प्रबन्धक/कम्पनी सचिव |
| | | विभागीय प्रमुखहरु : |
| १ | श्री राजकुमार सुवेदी | प्रमुख-जोखिम तथा असुली विभाग |
| २ | श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख- कर्जा विभाग |
| ३ | श्री टेक बहादुर रोका | प्रमुख- अनुगमन तथा सुपरिवेक्षण विभाग |
| ४ | श्री तिलकराम भण्डारी | प्रमुख-जनशक्ति/प्रशासन विभाग |
| ५ | श्री पदम प्रसाद घिमिरे | प्रमुख-लेखा विभाग |
| ६ | श्री संजय खत्री | प्रमुख- वित्त विभाग |
| ७ | श्री प्रविन अधिकारी | प्रमुख- आईटि विभाग |
| | | अन्य कर्मचारीहरु : |
| १ | श्री बैजनाथ राम | जनशक्ति तथा तालिम विभाग |
| २ | श्री रामजी भट्टराई | जोमिख तथा असुली विभाग |
| ३ | श्री मदन चोहान | कर्जा विभाग |
| ४ | श्री रोशनी श्रेष्ठ | जोखिम तथा असुली विभाग |
| ५ | श्री उर्मिला तामाङ | प्रशासन विभाग |
| ६ | श्री सरिस्ता श्रेष्ठ | कर्जा विभाग |
| ७ | श्री सेनन गुरुङ | लेखा विभाग |
| ८ | श्री रस्मिला थापा | लेखा विभाग |
| ९ | श्री संगिता खड्का | जनशक्ति तथा तालिम विभाग |
| १० | श्री शसांक गुरुङ | प्रशासन विभाग |
| ११ | श्री रेनुका कर्माचार्य | आईटि विभाग |
| १२ | श्री सुवास श्रेष्ठ | आईटि विभाग |
| १३ | श्री दिनेश कोइराला | सवारी चालक |
| १४ | श्री अप्सरा सुवेदी | कार्यालय सहयोगी |

**५.३ अन्य पर्यवेक्षकहरुको उपस्थिति :** नभएको ।

**५.४ वित्तीय संस्थाको शेयर रजिष्ट्रारको तर्फबाट उपस्थिति :**

| क्र.सं. | शेयर रजिष्ट्रार प्रतिनिधिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री बद्री प्रसाद प्याकुरेल | प्र.का.अ. | आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड |

**५.५ निर्वाचन अधिकृतको उपस्थिति :** आवश्यक नभएको ।

**५.६ शेयरधनीहरुको विवरण र उपस्थिति संख्या :**

| १ | कम्पनीको जम्मा शेयरधनी संख्या | उपस्थिति संख्या |
|---|---|---|
| १.१ | संस्थापक शेयरधनी संख्या | १८४ |
| १.२ | सर्वसाधारण शेयरधनी संख्या | ७४,०४८ |
| २ | जम्मा शेयरधनीहरु मध्ये सभामा उपस्थित शेयरधनी संख्या : | |

| | | |
|---|---|---|
| २.१ | **संस्थापक शेयरधनीहरुबाट उपस्थित शेयरधनी संख्याको विवरण** | |
| | सभा स्थलमा स्वयम् उपस्थिति संख्या | २४ |
| | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति संख्या | ११३ |
| २.२ | **सर्वसाधारण शेयरधनीहरुबाट उपस्थित शेयरधनी संख्या** | |
| | सभा स्थलमा स्वयम् उपस्थिति संख्या | ६३ |
| | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति संख्या | ६० |
| | **जम्मा उपस्थिति संख्या** | **२६०** |

**६. सभाको बैधानिकता :**

**६.१ गणपुरक संख्या :**

यस वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०८२/०९/१७ गतेसम्म कायम शेयरधनी तथा निजहरुले धारण गरेको शेयरको विवरण यस प्रकारको रहेको छ ।

| क्र.स. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | १८४ | ४०,१७,७५२.३७ | |
| २ | सर्वसाधारण शेयरधनी | ७४,०४८ | २२,७२,७६३.२६ | |
| **जम्मा** | | ७४,२३२ | ६२,९०,५१५१.६३ | |

कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम वार्षिक साधारण सभा संचालनको लागि आवश्यक गणपुरक संख्या कम्पनीको कुल चुक्ता पूँजी शेयर संख्याको ५० प्रतिशत भन्दा बढीको उपस्थिति *(कम्पनीको शेयरधनीहरु सभा स्थलमा स्वयम् वा प्रोक्सी प्रतिनिधि मार्फत भएको उपस्थित शेयरधनीहरुले ग्रहण गरेको शेयरहरुको संख्या)* हुनुपर्ने प्रावधान रहेकोमा देहाय बमोजिम शेयरधनी समुहहरुको प्रतिनिधित्व रहेको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ ज्यूबाट अवगत भयो ।

| **विवरण** | **कूल संख्या** | **शेयरधनी संस्थापक र सर्वसाधारण** | | |
|---|---|---|---|---|
| | | **सभा हलमा स्वयमं उपस्थिति** | **प्रतिनिधि (प्रोक्सी)** | **जम्मा** |
| **कम्पनीको शेयरधनी संख्या** | ७४,२३२ | ८७ | १७३ | २६० |
| **कम्पनीको शेयर कित्ता** | ६२,९०,५१५१.६३ | ११,८१,९४२.७४ | २३,८७,५८४.३३ | ३५,६९,५२७.०७ |
| **संस्थापक समूह** | | | | |
| शेयरधनी संख्या | १८४ | २४ | ११३ | १३७ |
| शेयर कित्ता | ४०,१७,७५२.३७ | १०,३४,०९५.२५ | २२,६८,०८७.९८ | ३३,०२,१८३.२३ |
| **सर्वसाधारण समूह** | | | | |
| शेयरधनी संख्या | ७४,०४८ | ६३ | ६० | १२३ |
| शेयर कित्ता | २२,७२,७६३.२६ | १,४७,८४७.४९ | १,१९,४९६.३५ | २,६७,३४३.८४ |
| **प्रतिनिधित्व प्रतिशत** | | | | ५६.७४% |

यस साधारण सभामा कुल शेयर संख्याको **५६.७४ प्रतिशत** शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको हुनाले सभामा कम्पनी ऐन २०६३ को दफा ७३ मा भएको व्यवस्था बमोजिम गणपुरक संख्या पुरा भएको साथै सोही ऐनको दफा ६९ बमोजिम सभाले बैधानिकंता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ ज्यूद्वारा सभामा जानकारी भयो ।

**७. आसन ग्रहण :**

७.१ सभामा उपस्थित रहनु भएका कम्पनीका अध्यक्ष श्री डम्मर मणि थेवे लिम्वु ज्यू, प्रमुख अथिति श्री प्रताप वैध, अतिथि पूर्व सञ्चालकहरु श्री हरि बहादुर भण्डारी ज्यू, श्री निरंजन पराजुली ज्यू, सञ्चालक श्री रमेश

कुमार प्रधान ज्यू, अथिति श्री बद्री प्रसाद प्याकुरेल ज्यू र बर्तमान सञ्चालकहरु क्रमशः श्री राजेश्वरप्रसाद आचार्य ज्यू, श्री निरंजन प्रसाद न्यौपाने ज्यू, श्री किशोर शेर्पा, श्री भक्तराम खड्का ज्यू र श्री अनुपा ओझा ज्यू स्वयम् सभा स्थलमा उपस्थित भई ड्यासमा आसन ग्रहण गर्नु भएको थियो ।

७.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री डा. मदन घिमिरे ज्यू लगायत कम्पनीका बरिष्ठ पदाधिकारीहरुलाई आसन ग्रहण गराईएको थियो ।

७.३ नियामक निकाय तथा सरोकारवाला निकायको प्रतिनिधिहरुलाई सभामा सहभागिता जनाउन र आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

७.४ सभा स्थलमा स्वयम् उपस्थित हुनुभएको सम्पूर्ण शेयरधनी महानुभावहरु, पत्रकार महानुभावहरु लगायत अन्य आमान्त्रित महानुभावहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

**८. सभाको सभापतित्व तथा सभा सञ्चालन :**

कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम साधारण सभाको सभापतित्व कम्पनीको अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूले गर्नु भई निर्धारित कार्यतालिका बमोजिम सभाको कारवाही प्रक्रिया अगाडि बढाउन कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ ज्यूलाई अनुमति प्रदान गर्नु भयो। तत्पश्चात् सभाका सभापति श्री डम्मर मणि थेवे लिम्वु ज्यू र प्रमुख अथिति श्री प्रताप बैंध ज्यूबाट सयुंक्त रुपमा पानसमा दीप प्रज्वलित गरी सभाको समुद्घाटन गर्दै सभाको कार्यक्रम अगाडी बढाउने कार्य भयो ।

**९. स्वागत मन्तव्य तथा शुभकामना ब्यक्त :**

यस संस्थाका संचालक श्री राजेश्वरप्रसाद आचार्य ज्यूले सभामा उपस्थित प्रमुख अतिथि, अतिथिहरु, सञ्चालक समितिका सदस्य, संस्थापक तथा सर्वसाधारण शेयरधनी एवं सभामा उपस्थित अन्य आमन्त्रित महानुभावहरुलाई स्वागत मन्तब्य राख्नु भएको थियो ।

**१०. संस्थाको वार्षिक प्रतिवेदन सहित पूर्व सूचित सामान्य तथा विशेष प्रस्तावहरु प्रस्तुत :**

यस गरिमामय सभाको काम-कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूले शेयरधनी महानुभावहरुलाई सम्बोधन तथा स्वागत गर्दै वार्षिक प्रतिवेदन बाचन गरेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ असार मसान्तसम्मको वासलात तथा २०८१ श्रावण १ देखि २०८२ असार मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सो अवधिको नगद प्रवाह विवरण सभा समक्ष छलफल गरी निर्णयको रुपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०८१/०८२ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०८२/०८३ को भावी योजना तथा कार्यक्रमहरुको बारेमा विवरण प्रस्तुत गरी पारित गरिदिनु हुनको लागि अनुरोध गर्नुभयो । साथै, पूर्व सूचित सामान्य तथा विशेष प्रस्तावहरु बारे जानकारी गराउदै पारित तथा अनुमोदनको लागि समेत अनुरोध गर्नु भयो । अन्त्यमा, धन्यवाद ज्ञापन गर्नु हुँदै शेयरधनी महानुभावहरुको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नु भयो ।

**११. छलफलको लागि आह्वान तथा शेयरधनीको तर्फबाट गरिएको मन्तब्य, जिज्ञासा एवं सूझाव :**

११.१ अध्यक्ष ज्यूद्वारा प्रस्तुत आ.व. २०८१/०८२ को संचालक समितिको तर्फबाट बाह्रौ वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु प्रस्तुत गरे पश्चात् कम्पनी सचिवज्यूले उक्त प्रतिवेदन वा वित्तीय विवरणहरु उपर आफ्नो जिज्ञासा, राय, सूझाव तथा प्रतिक्रिया भएमा सभा समक्ष प्रस्तुत गर्न उपस्थित शेयरधनी महानुभावहरुलाई आह्वान गर्नु भयो ।

११.२ सभामा उपस्थित शेयरधनी महानुभावहरूबाट संस्थाको समग्र संस्थागत विकास, भावी कार्ययोजना तथा आगामी रणनीतिक दिशाका सम्बन्धमा महत्वपूर्ण सुझावहरू सभा समक्ष व्यक्त गर्नुभयो । साथै, सभामा

उपस्थित हुन नसक्नु भएका श्री जगन्नाथ आचार्य ज्यूबाट लिखित रूपमा समेत संस्थाको विकास र सुधारका सम्बन्धमा राय तथा सुझावहरू प्राप्त भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

**१२. शेयरधनीहरुको जिज्ञासा तथा राय सुझावका सम्बन्धमा सभाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतज्यूबाट सँयुक्त रुपमा सभा समक्ष व्यक्त प्रतिउत्तर :**

- संस्थागत विकासका सम्बन्धमा शेयरधनीज्यूहरूबाट उठाइएका जिज्ञासा तथा सुझावहरूको क्रमबद्ध रूपमा कम्पनीका अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूले स्पष्ट र तथ्यपरक जवाफ दिनुभयो । सभाका क्रममा मौखिक तथा लिखित रूपमा प्राप्त भएका राय र सिफारिसहरूलाई सकारात्मक रूपमा ग्रहण गर्दै संस्थाको अवस्था, आवश्यकता र नीतिगत प्राथमिकतालाई ध्यानमा राखी चरणबद्ध रूपमा कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरियो । साथै, संस्थाको सुदृढीकरण, सुशासन र दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने उपयोगी तथा रचनात्मक सुझावहरू प्रदान गर्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूप्रति कम्पनीको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गरियो ।

**१३. सभाबाट भएको निर्णयहरु :**

यस सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमूल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्व सूचित प्रस्तावहरुलाई क्रमशः पारित गरिदिन सभापतिज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरु उपर सभाका शेयरधनी महानुभावहरुले देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

क. निर्धारित सामान्य प्रस्तावहरु तथा सो उपर भएको निर्णयहरु :

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

निर्धारित विषयसूची नं.४(क.१) अनुसार आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूलाई अग्रिम जानकारी गराउने उद्देश्यले संस्थाको आधिकारिक वेभसाइटमा प्रकाशित गरिएको साथै सभाहलमा उपस्थित शेयरधनी महानुभावहरूका लागि समेत उक्त वार्षिक प्रतिवेदन पुस्तिका वितरण गरिएकोमा सोही अनुसार सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा सभामा उक्त आर्थिक वर्षको वार्षिक प्रतिवेदन प्रस्तुत गरी प्रस्तुत प्रतिवेदनमाथि विस्तृत छलफल गरिँदा प्रतिवेदनमा समेटिएका संस्थाको समग्र आर्थिक अवस्था, सञ्चालन परिणाम, प्रगति विवरण, सामना गर्नुपरेका चुनौतीहरू तथा आगामी कार्यदिशा सम्बन्धी विषयहरूमा उपस्थित शेयरधनी महानुभावहरूले आफ्ना महत्वपूर्ण सुझाव तथा धारणा व्यक्त गरेको र संस्थाको समग्र प्रगति प्रति सन्तोष व्यक्त गर्दै वार्षिक प्रतिवेदनको प्रशंसा सहित उपस्थित शेयरधनी महानुभावहरूको सर्वसम्मत ध्वनीमतद्वारा उक्त वार्षिक प्रतिवेदन पारित गरियो ।

**२. आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धित अनुसूचिहरु पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.२) अनुसार कम्पनीका बाह्य लेखापरीक्षक श्री एस एण्ड एस एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री सुधिर कुमार शर्माद्वारा प्रमाणित गरिएको आर्थिक वर्ष २०८१/०८२ को नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार पारिएका वित्तीय विवरण तथा सो सम्बन्धी लेखापरीक्षण प्रतिवेदन उपर विस्तृत छलफल गरिँदै वित्तीय विवरणमा समेटिएका कम्पनीको वित्तीय अवस्था, सञ्चालन परिणाम, नगद प्रवाह स्थिति, लेखा नीतिहरू तथा नियामक मापदण्डको पालना सम्बन्धी विषयहरूमा उपस्थित शेयरधनी महानुभावहरूले आफ्ना धारणा तथा सुझावहरू व्यक्त गर्नुभएको र तत्पश्चात् उक्त वित्तीय विवरण तथा प्रतिवेदनहरू निर्णयार्थ प्रस्तुत गरिएकोमा सभामा उपस्थित शेयरधनी महानुभावहरूद्वारा सर्वसम्मत रूपमा पारित गरियो ।

**३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) तथा कम्पनी ऐन, २०६३ को दफा १११(३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम संस्थाको आर्थिक वर्ष २०८२/०८३ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.३) अनुसार कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार बाह्य लेखापरीक्षण कार्यका लागि नियमानुसार तिनवटा लेखा व्यवसायीबाट प्राप्त लिखित प्रस्तावनाहरू माथि संस्थाको लेखापरीक्षण समितिमा छलफल एवम् विश्लेषण भई सिफारिस गरिएको र सोही सिफारिसलाई सञ्चालक समितिले समेत उपयुक्त ठहर गरेको अवस्थामा बाह्य लेखापरीक्षकका रूपमा श्री गोपाल कुमार श्रेष्ठ (Gopal Shrestha & Co., Chartered Accountants, Lalitpur) लाई नियुक्त गर्ने तथा निजलाई कम्पनीको वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, विस्तृत लेखापरीक्षण प्रतिवेदन (LFAR) तथा कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण प्रमाणीकरण शुल्क वापत भ्याट बाहेक रु. ३,००,०००/- (अक्षरेपी तीन लाख रुपैयाँ मात्र) र लेखापरीक्षण अवधिमा मुख्य लेखापरीक्षकलाई दैनिक भत्ता रु. ३,५००/- (अक्षरेपी तीन हजार पाँच सय रुपैयाँ मात्र) लेखापरीक्षण कार्यमा संलग्न अन्य पदाधिकारीहरूलाई दैनिक भत्ता रु. १,४००/- (अक्षरेपी एक हजार चार सय रुपैयाँ मात्र) तथा स्थलगत यातायातको वास्तविक खर्च बमोजिम प्रदान गर्ने प्रस्तावमाथि छलफल पश्चात् सभामा उपस्थित शेयरधनी महानुभावहरूद्वारा सर्वसम्मत रूपमा पारित गरियो ।

**४. आर्थिक बर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.४) अनुसार कम्पनीको सञ्चालक समितिको बैठकबाट नियमानुसार मिति २०८२/०३/१३ गते बसेको १७७ औं बैठकद्वारा स्वीकृत आर्थिक वर्ष २०८२/०८३ को प्रस्तुत वार्षिक कार्यक्रम योजना तथा बजेट उपर विस्तृत छलफल गरिएको र छलफलका क्रममा ९१ वटा शाखा कार्यालय मार्फत कुल कर्जा लगानी रु. ७ अर्ब ६२ करोड, निक्षेप संकलन रु. २ अर्ब ३९ करोड पुर्‍याउने, कुल आम्दानी रु. ९९ करोड १९ लाख र कुल खर्च रु. ८५ करोड २० लाखको लक्ष्य राखी खुद मुनाफा रु. ८ करोड ८० लाख आर्जन गर्ने गरी बजेट तयार पारिएको तथा ग्राहक सदस्यहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न किसिमका सीपमूलक तथा अभिमुखिकरण कार्यक्रमहरू सञ्चालन गर्ने प्रस्तावित योजना र अन्य गैर वित्तीय क्रियाकलापहरू समेत समेटिएको र बाँकी समयावधिमा हाल लघुवित्त कार्यक्रम विरोधी समूहको कारण कर्जा लगानी तथा असुलीमा समस्या देखिन सक्ने सम्भावना रहेकाले निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्न केही कठिनाइ हुन सक्ने विषयमा विचार विमर्श गर्दै उपस्थित शेयरधनी महानुभावहरूले उक्त प्रस्ताव ध्वनीमतबाट अनुमोदन गर्नुभयो ।

**५. सञ्चालक समितिद्वारा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने एक जना रिक्त सञ्चालक नियुक्त गर्ने सम्बन्धमा गरिएको निर्णय अनुमोदन गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.५) अनुसार एघारौं वार्षिक साधारण सभाबाट संस्थापक समूहबाट प्रतिनिधित्व हुने गरी निर्वाचित संचालक श्री हरि बहादुर भण्डारी ज्यूले आफ्नो व्यक्तिगत कारण देखाउँदै दिनु भएको राजिनामा मिति २०८१/११/१८ गतेदेखि लागू हुने गरी सञ्चालक समितिको १७३औं बैठकले स्वीकृत गरेको र उक्त रिक्त संचालक पदमा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने गरी प्रचलित नियम तथा प्रक्रिया अनुसार मिति २०८२/०९/०८ गते बसेको समितिको १८३औं बैठकले बुढानीलकण्ठ ११, काठमाण्डौं ( ना.प्र.प.नं. ४०६३४/१६९८, ताप्लेजुङ र ठेगाना : ढुङ्गेसाधु-४, ताप्लेजुङ) निवासी श्री किशोर शेर्पा ज्यूलाई बाँकी कार्यकाल (मिति २०८५/११/१० गतेसम्म) का लागि संचालक पदमा नियुक्त गर्ने निर्णय गरेकोमा उक्त नियुक्ती सभामा अनुमोदनको लागि प्रस्तुत गरिएकोमा सभामा उपस्थित शेयरधनी महानुभावहरूले सफल कार्यकालको शुभकामना सहित ध्वनीमतबाट अनुमोदन गरियो ।

६. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ६२,९०,५१,५६४/- को ०.२६३२ प्रतिशत (दशमलव पछिको चार अंक मात्र लिइएको) ले हुन आउने रकम (कर प्रयोजनको लागि) रु. १६,५५,३९८.८५ (अक्षरेपी सोह्र लाख पचपन्न हजार तिन सय अन्ठानव्वे दशमलव आठ पाँच मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.६) मा भएको प्रस्ताव अनुसार कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै हाल कायम कुल चुक्ता पूँजी रु. ६२,९०,५१,५६४/- को ५ प्रतिशतले हुन आउने रकम रु. ३,१४,५२,५७८.२३ (अक्षरेपी तिन करोड चौध लाख बाउन्न हजार पाच सय अठहत्तर दशमलव दुई तिन मात्र) बोनस शेयर जारी गर्ने प्रयोजनको लागि कुल चुक्ता पूँजीको ०.२६३२ प्रतिशत (दशमलव पछिको चार अंक मात्र लिइएको) ले हुन आउने रकम रु. १६,५५,३९८.८५ (अक्षरेपी सोह्र लाख पचपन्न हजार तिन सय अन्ठानव्वे दशमलव आठ पाँच मात्र) प्रचलित नियमानुसार कर प्रयोजनको लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो ।

**ख. निर्धारित बिशेष प्रस्तावहरु तथा सो उपर भएको निर्णयहरु :**

१. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ६२,९०,५१,५६४/- को ५ प्रतिशतले हुन आउने रकम रु. ३,१४,५२,५७८.२३ ( अक्षरेपी तिन करोड चौध लाख बाउन्न हजार पाच सय अठहत्तर दशमलव दुई तिन मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.१) अन्तर्गत रहेको कम्पनीको आर्थिक वर्ष २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै हाल कायम कुल चुक्ता पूँजी रु. ६२,९०,५१,५६४/- को ५ प्रतिशतले हुन आउने रकम रु. ३,१४,५२,५७८.२३ (अक्षरेपी तिन करोड चौध लाख बाउन्न हजार पाच सय अठहत्तर दशमलव दुई तिन मात्र) बोनस शेयर जारी गर्न संचालक समितिबाट प्रस्ताव भई नेपाल राष्ट्र बैंकद्वारा समेत स्वीकृत प्राप्त प्रस्तावित बोनस शेयर जारी गर्ने गरी गरिएको विशेष प्रस्ताव उपर सभामा छलफ़ल हुँदा लघुवित्त क्षेत्रमा देखिएको विभिन्न समस्या तथा चुनौतीहरुको बावजुद शेयरधनीहरुलाई थोरै भए पनि लाभांश प्रदान गर्न सफल भएकोमा मुक्तकण्ठले प्रशंसा गर्दै सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

२. **कारोबार सञ्चालनको दश वर्ष पुरा गरेका साविक समता लघुवित्त अन्तर्गतका संस्थापक शेयरधनीहरूको गत वर्ष गरिएको पहिलो परिवर्तन पछि बाँकी रहन गएको संस्थापक शेयरहरूलाई नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति अनुसार सर्वसाधारण शेयरमा रूपान्तरण गरी पुँजी संरचना अनुपात संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.२) अनुसार यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको तत्कालीन शेयर संरचना संस्थापक र सर्वसाधारणको अनुपात ६९.४८ : ३०.५२ कायम रहेकोमा वित्तीय कारोबार सञ्चालन अवधि १० वर्ष पूरा भएको साविक समता लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापक शेयरधनीहरूको नाममा कायम रहेको चुक्ता पुँजीको ५.६१ प्रतिशत संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भई मिति २०८१ साल फागुन ११ गते सम्पन्न संस्थाको एघारौं वार्षिक साधारण सभाबाट समेत पारित भई सो बेला कायम कुल चुक्ता पुँजी रु. ६२,९०,५१,५६४ को ५.६१ प्रतिशत संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गरी शेयर संरचना अनुपात ६३.८७ : ३६.१३ (संस्थापक : सर्वसाधारण) कायम गरिएकोमा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन २०८१ को निर्देशन नं. १० (१३,ङ) बमोजिम पुँजी बजार, बैंकिङ क्षेत्र लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभावलाई विचार गरी संस्थापक समूहको शेयर एकपटकमा अधिकतम् १० प्रतिशत बिन्दुसम्म मात्र सर्वसाधारण शेयरमा परिणत गर्न सकिने व्यवस्था अनुरूप यसअघि परिणत गरिएका शेयर बाहेक साविक समता लघुवित्त वित्तीय संस्था लिमिटेडका

संस्थापक शेयरधनीहरूको बाँकी शेयरमध्ये हालको बोनस शेयर जारी पश्चात् कायम हुने कुल चुक्ता पुँजी रु. ६६,०५,०४,१४२ को ४.७६ प्रतिशत संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गरी शेयर संरचना अनुपात ५९.११ : ४०.८९ (संस्थापक : सर्वसाधारण) कायम गर्ने गरी नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति प्राप्त भएको र उक्त परिवर्तन पश्चात् साविक समता लघुवित्त अन्तर्गतका संस्थापक शेयरधनीहरूको सर्वसाधारण शेयरमा परिवर्तन गर्ने प्रक्रिया पूर्ण हुने भएको साथै नियमानुसार मिति २०८२/०८/१५ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा संस्थापक शेयरधनीहरुको शेयर संरचना परिवर्तन गर्ने सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरी संस्थापक शेयर सर्वसाधारण समुहमा परिवर्तन गर्न नचाहनु हुने साविक समता लघुवित्त अन्तर्गतका शेयरधनीहरुलाई जानकारी गराईएकोमा उक्त अवधिमा कुनै पनि शेयरधनीहरुबाट आफ्नो संस्थापक शेयर सर्वसाधारण समुहमा परिवर्तन गर्न नचाहेको निवेदन संस्थामा प्राप्त हुन नआएको हुँदा तोकिएको उल्लेखित शेयर संरचना अनुपात कायम हुने गरी संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिवर्तन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गर्दै सम्बन्धित नियामक निकायहरुमा यस सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउने सम्बन्धमा संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत सभाद्वारा पारित गरियो ।

३. **अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.३) अनुसार यस वित्तीय संस्थालाई पूँजीगत तथा कार्यक्रमगत दृष्टिकोणले थप सुदृढ, सक्षम तथा उत्कृष्ट लघुवित्त वित्तीय संस्थाको रूपमा स्थापित गर्ने उद्देश्यले भविष्यमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरूसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) सम्बन्धी समझदारीपत्र तथा सम्झौतापत्र तर्जुमा गर्ने, सो प्रयोजनका लागि आवश्यक सम्पत्ति, दायित्व तथा कारोबारको मूल्यांकन (DDA) गराउने तथा नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियामक निकायहरूद्वारा जारी गरिएका गाभ्ने, गाभिने वा प्राप्ति सम्बन्धी प्रचलित कानुनी तथा नियामकीय प्रावधानहरू बमोजिम आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गर्न तथा गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्तावमाथि सभामा छलफल भई उक्त प्रस्ताव सभाद्वारा ध्वनिमतले पारित गरियो ।

४. **वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतीको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.४) अनुसार माथि उल्लिखित विशेष प्रस्तावहरू तथा निर्णयहरूका सम्बन्धमा सम्बन्धित नियमनकारी निकायहरूबाट स्वीकृति लिने, दर्ता तथा अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन वा परिवर्तन गर्न निर्देशन प्राप्त भएमा सो निर्देशन बमोजिम आवश्यक संशोधन तथा परिमार्जन गरी प्रवन्धपत्र तथा नियमावलीका सम्बन्धित दफा तथा नियमहरू संशोधन एवम् परिवर्तन गर्ने, साथै यससँग सम्बन्धित अन्य सम्पूर्ण कानूनी, प्रक्रियागत तथा प्रशासनिक कार्यहरू पूरा गर्न तथा गराउन सञ्चालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई पूर्ण रूपमा अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

**ग. विविध**

यस बाह्रौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिताका लागि संचालक समितिका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवको हस्ताक्षर मान्य हुने निर्णय सर्वसम्मतिले पारित गरियो ।

## १४. वित्तीय संस्थाको प्रवन्धपत्रको आवश्यक दफा संशोधन प्रयोजनार्थ सभाद्वारा पारित तीन महले विवरण :

| दफा | प्रबन्धपत्रको हालको व्यवस्था | संशोधन प्रस्ताव | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ६.(ख) | वित्तीय संस्थाको जारी पूँजी रु. ६२,९०,५१,५६४.६७ ( अक्षरेपी बैसठी करोड नब्बे लाख एकावन्न हजार पाँच सय चौसठी दशमलव छ सात मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरले ६२,९०,५१५.६५ ( अक्षरेपी बैसठी लाख नब्बे हजार पाँच सय पन्ध्र दशमलव छ पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाको जारी पूँजी रु. ६६,०५,०४,१४२.९० ( अक्षरेपी छैसठी करोड पाँच लाख चार हजार एक सय बयालिस दशमलव नौ शून्य मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरले ६६,०५,०४१.४३ ( अक्षरेपी छैसठी लाख पाँच हजार एक्चालिस दशमलव चार तिन) थान साधारण शेयरमा विभाजन गरिएको छ। | आर्थिक वर्ष २०८१/०८२ सम्मको वितरणयोग्य मुनाफाबाट कुल चुक्ता पुँजीको ५ प्रतिशतले हुन आउँने बोनस शेयर रकम रु. ३,१४,५२,५७८.२३ पुंजीकृत पश्चात् तपसिल बमोजिम जारी र चुक्ता पूँजी कायम हुने भएकोले :<br>• हाल कायम जारी/चुक्ता पुँजी : रु. ६२,९०,५१,५६४.६७<br>• जारी बोनस शेयर : रु. ३,१४,५२,५७८.२३<br>**कुल जारी/चुक्ता पुँजी : रु. ६६,०५,०४,१४२.९०** |
| ६.(ग) | वित्तीय संस्थाको चुक्ता पूँजी रु. ६२,९०,५१,५६४.६७ ( अक्षरेपी बैसठी करोड नब्बे लाख एकावन्न हजार पाँच सय चौसठी दशमलव छ सात मात्र) हुनेछ। | **वित्तीय संस्थाको चुक्ता पूँजी रु. ६६,०५,०४,१४२.९० ( अक्षरेपी छैसठी करोड पाँच लाख चार हजार एक सय बयालिस दशमलव नौ शून्य मात्र) हुनेछ।** | |
| ६.(घ) | सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ३६.१३ प्रतिशत हुनेछ। | सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ४०.८९ प्रतिशत हुनेछ। | कारोबार सञ्चालनको दस वर्ष पूरा गरेका साविक समता लघुवित्त अन्तर्गतका संस्थापक शेयरधनीहरूको गत वर्ष गरिएको पहिलो परिवर्तन पछि बाँकी रहन गएको संस्थापक शेयरहरूलाई नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति अनुसार सर्वसाधारण शेयरमा रूपान्तरण गरी पुँजी संरचना अनुपात संशोधन गर्ने सम्बन्धमा वार्षिक साधारण सभाबाट समेत पारित भए बमोजिम प्रस्तावित ५ प्रतिशत बोनस शेयर रु. ३,१४,५२,५७८.२३ पुजीकृत पश्चात् कायम हुने चुक्ता पुँजी रु. ६६,०५,०४,१४२.९० को ४.७६ प्रतिशत विन्दुले हुने साविक समता अन्तर्गतको संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिवर्तन पश्चात् तपसिल बमोजिम शेयर संरचना कायम हुने भएकोले :<br>क. संस्थापक शेयर (बोनस शेयर पुंजीकृत पश्चात्)<br>: रु. ४२,१८,६३,९९६.०७<br>ख. चुक्ता पुँजीको ४.७६% विन्दुले हुने Conversion शेयर<br>: रु. ३,१४,३९,९९७.२०<br>**Conversion पश्चात् संस्थापक शेयर (क-ख) : रु. ३९,०४,२३,९९८.८७**<br>**Conversion पश्चात् संस्थापक शेयर प्रतिशत : ५९.११ प्रतिशत**<br>ग. सर्वसाधारण शेयर (बोनस शेयर पुजीकृत पश्चात्)<br>: रु. २३,८६,४०,१४६.८३<br>घ. चुक्ता पुँजीको ४.७६% विन्दुले हुने Conversion शेयर<br>: रु. ३,१४,३९,९९७.२०<br>**Conversion पश्चात् सर्वसाधारण शेयर (ग+घ)**<br>**: रु. २७,००,८०,१४४.०३**<br>**Conversion पश्चात् सर्वसाधारण शेयर प्रतिशत : ४०.८९ प्रतिशत** |
| ६.(ङ) | संस्थापक शेयरधनीलाई समूह "क" मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ६३.८७ प्रतिशत हुनेछ। | संस्थापक शेयरधनीलाई समूह "क" मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ५९.११ प्रतिशत हुनेछ। | |

## १५. धन्यवाद ज्ञापन :

यस संस्थाको संचालनमा सहयोग गर्ने नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायत सरोकारवाला निकायहरु तथा अन्य व्यक्तित्वहरुलाई धन्यवाद दिने निर्णय गरियो। साथै संस्था संचालनमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग एवम् सुझाव प्रदान गर्नुहुने सर्म्पूण शेयरधनी महानुभावहरुलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो।

१६. कम्पनी सचिवबाट यस साधारण सभामा समावेश विषयसूचि अर्न्तगतका सम्पूर्ण विषयहरु माथि छलफल तथा निर्णयहरु समाप्त भएको व्यहोरा जानकारी गराए अनुरुप आजको यस साधारण सभा समापन गरिदिनको लागि सभाका सभापति महोदयलाई अनुरोध गरियो ।

१७. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरु समाप्त भएको जानकारी प्राप्त भए पश्चात् सभापति ज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सल्लाह तथा सुझावको लागि हार्दिक धन्यवाद दिनुको साथै यस बाह्रौं वार्षिक साधारण सभा शान्त एवम् सौहार्दपुर्ण वातावरण र सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्बन्धीत नियमनकारी तथा सरोकारवाला निकायका प्रतिनिधीहरु, पत्रकारज्यूहरु, उपस्थित कार्यरत कर्मचारीहरु लगायत यस साधारण सभाको लागि सभाहल उपलब्ध गराई सहयोग गर्नु हुने हिमालय दृश्य रिसोर्ट, धुलिखेललाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस बाह्रौं वार्षिक साधारण सभा दिउँसो १२:३० बजे समापन गरियो ।

श्री डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

श्री डम्मर मणि थेवे लिम्बु
अध्यक्ष

श्री विश्वराज श्रेष्ठ
कम्पनी सचिव

(सभा सम्पन्न मिति २०८२ साल पुष महिनाको ३० गते बुधवार तदनुसार जनवरी १४, २०२६)